नेपाल सरकार
लगानी बोर्डको कार्यालय

नेपाल सरकार
लगानी बोर्डको कार्यालय
२०६८

☎ ९७७-१-४४७५२७६
४४७५२७७
४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

पत्र संख्या:
च. नं.:

मिति: २०८३/०६/३०

## प्रेस नोट

काठमाडौंको नयाँ बानेश्वरस्थित, लगानी बोर्डको कार्यालयमा २०८३ असोज २९ गते बिहीबार भएको एक घटनाबारे फैलाइएको भ्रामक तथा तथ्यहीन प्रचारप्रसारलाई लिएर यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

कार्यालयका प्रमुख कार्यकारी अधिकृत (सीईओ) याङ्की उक्याबसहित बोर्डका कर्मचारीहरू बिहीबार १४:३० बजे महत्वपूर्ण बैठकमा हुनुहुन्थ्यो। ठीक त्यसैबेला कार्यालयसँग कुनै पनि अनुमति वा जानकारी नलिई "एचटिपी खबर" युट्युब च्यानलका दिवाकर साह अचानक त्यहाँ प्रवेश गरेका थिए। त्यसपछि निजले "ठेकेदारबाट रक्सी, आइफोन, मिठाइसहित उपहार" लिएको भन्दै गम्भीर आरोप कार्यालयका सीईओसहित कर्मचारीहरूलाई लगाउँदै दुर्व्यवहार समेत गरी भिडियो खिचेर उक्त युट्युब च्यानलबाट सम्प्रेषण गरेका थिए। उक्त घटनाको यस कार्यालय घोर भत्सना गर्दछ।

कार्यालयमा बैठक चलिरहेका बेला अनुमति बिना प्रवेश गरी निजले भिडियो खिचेपछि क्यामेरा बन्द गरी कार्यालयका कर्मचारीहरूसँग छलफल समेत गरेका थिए। निजले "तपाईंहरुको जानकारी बिना कार्यालयमा उपहार ल्याइएको रहेछ भन्ने मैले बल्ल बुझें" भन्दै बाहिरिएका थिए। तर, पछि यो प्रसंग भिडियोमा नराखी यस कार्यालयको अनुमति बिना कसैले लगेर राखेको मिठाइ र बिस्कुटसहितको टोकरी देखाइ कार्यालयका सीईओसहित कर्मचारीले अनुचित रूपमा ठेकेदारबाट उपहार लिएको भनी अनर्गल प्रचार गरेका थिए। साथै, वर्तमान सरकारले कायम गर्न खोजेको सुशासनको धज्जी उडाएको गम्भीर आरोप लगाउँदै निजबाट भिडियो सम्प्रेषण गरी अफवाह फैलाइएको थियो।

कार्यालयका सीईओसहित कर्मचारीहरूका लागि यो अत्यन्तै अप्रत्यासित घटना थियो। उक्त घटनाबारे सत्यतथ्य बुझ्दा एक परियोजनाका प्रतिनिधि बताउनेले यस कार्यालयको अनुमति र जानकारी बिना मिठाइ र बिस्कुटसहितका टोकरीहरू सोही परियोजनाबाट यस कार्यालयमा खटिएका प्रतिनिधिको जिम्मा लगाएको पाइयो। निजले ती परियोजनाका प्रतिनिधिहरूसँग कुरा गरी उनलाई नै कार्यालयका कर्मचारी भनी "लगानी बोर्डका कर्मचारीहरूले ठेकेदारको उपहार लिएको" भन्ने गलत भाष्य निर्माण गर्न खोज्नु अत्यन्तै निन्दनीय छ।

लगानी बोर्डको कार्यालयका कर्मचारीका लागि यस किसिमका उपहार लिनेदिने कार्य कदापी स्वीकार्य छैन।

यस बोर्डको कार्यालयका कर्मचारीहरूको मानमर्दन गर्ने, मनोबल गिराउने र अनावश्यक विवादमा पारी बोर्डको समग्र कार्यादेश पूरा गर्न अवरोध सिर्जना गर्ने यस किसिमका नियोजित गतिविधि रोक्न सम्बन्धित पक्षमा यस कार्यालय आग्रह गर्दछ। अन्यथा, आवश्यक कानूनी उपचार लिन कार्यालय बाध्य हुनेछ।

सुशासन कायम गर्ने सरकारको नीति प्रति बोर्डको कार्यालयका सम्पूर्ण कर्मचारीहरू पूर्ण रुपमा प्रतिबद्ध छौं।

(भूपेन्द्र थापा)
सहसचिव एवम् प्रवक्ता